श्री ५ को सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले दूरसञ्चार ऐन, २०५३ को दफा २३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहायको दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरी सोको प्रक्रिया देहाय बमोजिम तोकेको छ ।

(क) तोकिएका दूरसञ्चार सेवाहरू

(१) इन्टर्नेट (इ-मेल सहित)
(२) इ-मेल
(३) अडियो टेक्ष्ट/भ्वाइस मेल
(४) भिडियो टेक्ष्ट
(५) फ्याक्स मेल
(६) भिस्याट (VSAT)
  (क) भिस्याट (VSAT) Network प्रदायक
  (ख) भिस्याट (VSAT) प्रयोगकर्ता
(७) अडियो कन्फरेन्सीङ्ग
(८) पे फोन (Pay Phone)
(९) प्रि पेड कलिङ्ग कार्ड (Pre-Paid Calling Card)
(१०) स्थानीय डाटा नेटवर्क
(११) रेडियो पेजिङ्ग नेटवर्क
(१२) ट्रङ्क मोवाइल रेडियो

(ख) प्रक्रिया र संख्या

खण्ड (क) मा उल्लिखित दूरसञ्चार सेवाहरूमध्ये सबै वा कुनै सेवा सञ्चालन गर्न चाहने व्यक्तिले त्यस्तो दूरसञ्चार सेवा सञ्चालन गर्ने अनुमति पत्रको लागि नेपाल दूरसञ्चार प्राधिकरण समक्ष नेपाल दूरसञ्चार नियमावली, २०५४ को अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ। त्यस्ता दूरसञ्चार सेवाहरू सञ्चालन गर्नको लागि जति सुकै संख्यामा पनि अनुमति पत्र प्रदान गर्न सकिनेछ ।

आज्ञाले,
सुशीलकान्त झा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५५।५।१ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका रा. प. विशिष्ट श्रेणीका अधिकृत श्री ललितबहादुर बमलाई प्रशासन सुधार अनुगमन समितिको सचिव पदमा सरुवा गरिएको छ ।

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५५।५।१६ को निर्णयानुसार नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूह, हाईड्रोपावर उपसमूह, राजपत्राङ्कित तृतीय श्रेणीका इन्जिनियर श्री प्रवीणराज अर्याललाई सोही सेवा समूह र उपसमूहको राजपत्राङ्कित द्वितीय श्रेणीको सिनियर डिभिजनल इन्जिनियर पदमा मिति २०५५।५।४ देखि ज्येष्ठता गणना हुने गरी बढुवा गरी विद्युत विकास केन्द्रमा पदस्थापन गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०५५।५।२६ को निर्णयानुयार सिंचाई विभाग अन्तर्गत कार्यरत नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूह, इरिगेशन उपसमूहको राजपत्राङ्कित द्वितीय श्रेणीका देहायका अधिकृतहरूलाई सिंचाई विभाग वा अन्तर्गत सोही सेवा, समूह र उप समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गरेको छ ।

१. श्री उमाकान्त झा
२. श्री शीतल बाबु रेग्मी

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संसद सचिवालयको सूचना

प्रतिनिधि सभाका माननीय उप-सभामुख श्री लीला श्रेष्ठ (सुव्वा) ले मिति २०५५।६।२४ मा प्रतिनिधि सभाका सम्माननीय सभामुख समक्ष नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५१ को उपधारा ४ को खण्ड (ख) बमोजिम उप-सभामुख पदबाट लिखित राजीनामा दिनु भएको छ।

आज्ञाले,
सूर्यकिरण गुरूङ्ग
प्रतिनिधि सभाको सचिव

## भूल सुधार

खण्ड ४८, अतिरिक्ताङ्क ४४, नेपाल राजपत्र भाग ३ मा प्रकाशित भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचनाको तेस्रो हरफमा 'निष्क्रिय' हुनु पर्नेमा अन्यथा हुन गएकोले भूल सुधार गरिएको छ।

मुद्रण विभाग।



२६५

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।